CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री :

हाम्रो धर्म र धन लुटाइदै छ बचाउँ

लेखक :-
टेक नाथ गौतम
दाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

पहिले पढ्नु पर्ने कुरा

देशको धनसम्पदा समाप्त भयो । बाढी पहिराले खोला र नदीका किनारका खेत बारी बगाइए, पुरिए । पानी का मूल, खोला नाला सुख्दै छन्, पीउने पानी पनि दुर्लभ हुंदैछ । धनका जरीबुटी, हात्ती गैंडा बाघ भालु मृग कस्तुरी एवं चरा चुरुङ्गी र गाऊका पशु धन सबै सकिदै छन् । जमिनको उर्वरा शक्ति समाप्त प्राय भएर केवल विदेशी मलका भरमा राष्ट्र बांचेको छ। कुनै कारण वश एक वर्ष सो नआउने हो भने सबै नेपाली भोकले मर्ने छौं । कहिल्यै तिर्न नसकिने ऋण भारले राष्ट्र दबी सक्यो । मठ मन्दिर एवं हिन्दू धर्म सखाप हुने अविचारित योजना कार्यान्वयन गरेर इसाइयत तथा इस्लामका बधेंचा लगाउने उर्वर भूमि नेपाललाई पारिदै छ । देशका कर्णधार तयार पार्ने भनी स्थापना गरिएका शिक्षण संस्थानहरू अल्छी, निष्कृय र अविज्ञित युवा वर्ग निर्माण गर्ने फैक्टरी बन्दै छन् । आपना धर्म, संस्कृति, कला, कौशल, भेष, भूषालाई लत्याएर विदेशी विधार्मी विकृतिहरुलाई निः संकोच अंगालिदैछ । प्रजातन्त्र, राष्ट्रियता, देश सेवा आदि शब्द जनतालाई ठगी खाने मन्त्र बनाइएका छन् । खल नायकहरुको अनुकरण गरेर समाज भ्रष्ट अनैतिक र स्वार्थान्ध बनेको छ । भ्रष्टाचार शिष्टाचार एवं कदाचार सदाचार भै सके । उदाहरणका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागि "ऋणं कृत्वा घृतं पिवेत्" भन्नेहरू अघि घृणाका पात्र नास्तिक मानिन्थे भने अब "ऋणं कृत्वा सुरां पिवेत्" भन्दै टि. भी. बाट प्रचार गर्नेहरू आदरका पत्र सन्त-मानिन लागे । फल स्वरुप पूरै समाज बोतल भित्र डुबदैछ । इशाइयत आदिका प्रचारको सुनौला मौका र खुला मैदान पाई प्रसन्न भएका विधर्मीहरुबाट ऋणमा प्राप्त अपरिमित रकमलाई "राम नाम की लूटहै लूट सके जो लूट" भने जस्तै गरी लूटने छूट मिलेको छ। यदि यस्ता कदाचरणहरू न्यायालय र प्रहरीमा पर्न फैलिए भने देशको के गति होला ?

'आचार: परमो धर्म:' आचारहीनं न पुनन्ति वेदा: If charcter is lost all things are lost चरित्र नै मुख्य धर्म अथवा धन हो । चरित्र भ्रष्टको उद्धार कसैले गर्न सक्दैन । चरित्र नाशिए सबै थोक नाशिन्छ भन्ने नीतिज्ञहरूको भनाई छ । त्यसका प्रतिकूल हामी नेपालीले सबै भन्दा बढ़ी नाश आपना चरित्रको पारेका छौं । "अविनीत प्रजं राज्यं न चिराद् हि विनश्यति" अनैतिक नागरिक भएको राष्ट्र चाँडै नै नाशिन्छ भनिएको छ । यस हालतमा बिचरा पशुपति नाथले मात्र हाम्रो कति दिन रक्षा गर्लान् ।

सेवा, त्याग, तपस्याबाट जनमानसमा प्रभाव पारी देशबाट दुराचार भ्रष्टाचार हटाउँदै सुशासन चलाउलाइ भन्ने आश गरिएका नेता हौं भनिनेहरूबाट आपना कुकृत्य छिपाउनका लागि सोझा निमुखा कृषि जीवीहरूलाई बराबर सराप गरिन्छ । प्रहार गरिन्छ । मिली बसेका ज. ध. जोताहाहरूमा फाटो पारी चुनाउ जितने प्रयास गरिन्छ । जिते पछि ज. ध. कै मौलिक हक खोसिन्छ ।

माथि लेखिएका देशका दुर्दशा र अन्यायका मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा देखाउँदा समाज अधोगति तिर लागि सकेको हुनाले कसैले पनि चासो नराखने बुझि गुलियोबाट लोभ्याई बच्चाहरूलाई पढन प्रवृत्त गराए जस्तै गरी धर्म र धनको कुरा उठाई राष्ट्रका दुर्दशा र दुराचार तिर समाजको ध्यान आकृष्ट गर्न खोजेको हुं। आपना पछि लागेन भनेर कसैले कांग्रेस, कसैले कम्युनिष्ट, कसैले पंच, कसैले प्रतिगामी, कसैले सामन्त भनी घृणा गरिने म, यो लेख प्रकाशित भएपछि झन् रोषको पात्र बन्ने छुं। तर दुराचारीहरूबाट जति जति म निन्दा गरिने छुं त्यत्ति नै भ्रष्टाचारी लूटेराहरूका पापका घाउ कोट्याउन सकेछुं भनेर म आनन्दित हुने छुं।

यो लेख सानो प्रेसमा हडबडमा छापिदै छ। स्वभावतः हुने टाइपका त्रुटीहरूलाई सच्याई पढने अनुरोध गर्दै जसका सहयोग र आश्वासनबाट यो छापिदैछ तो व्यक्ति एवं संस्था उपर हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

विनित :-
टेक नाथ गौतम

काटेकोहल गौतम नगर
घोराही, दाङ्ग
०५३/६/२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री :

हाम्रो धर्म र धन लुटाइदै छ, बचांऊ

धारणाद् धर्म इत्याहुर्धर्मो धारयते प्रजा : ।
तस्माद्धर्मो न हन्तव्यो मानो वर्मो हतोवधीत् ॥ मनुस्मृति :

समाजलाई धारण गर्ने - व्यवस्थित तथा अनुशासित राख्ने नियमहरूलाई धर्म भन्दछन् । त्यस कारण धर्मको नाश गर्नु हुदैन, धर्म नाशियो भने हाम्रो नै नाश हुन्छ, त्यसो न हओस् ।

धर्मले नै समाजलाई अनुशासनमा राखी कुमार्ग तर्फ लाग्न रोकेर सन्मार्ग तिर प्रवृत्त गराउँछ । बाहिरी शत्रुबाट राष्ट्र या समाजलाई सुरक्षित राखनलाई फौज हतियार चाहिन्छन् भने समाजमा अनुशासन कायम राखेर पथ भ्रष्ट हुन देखि बचाउनलाई धर्मका नियम बन्धनहरूको आवश्यकता पर्छ । जति जति समाजले धार्मिक नियमहरूको उपेक्षा गर्दछ, त्यति त्यति समाजमा अन्याय, अत्याचार, लुट, हत्या आदि अपराध बढदै जान्छन् । त्यस्ता अपराधहरू पुलिसका डरले मात्र रोकिन्नन् । व्यक्तिको आपराधिक प्रवृत्ति रोकनलाई धर्मको नै बलियो छेकवार चाहिन्छ । ईश्वरको आशत्रास धर्म प्रति आस्था नभए सम्म समाजमा शान्त कायम रहन सक्दैन । अमेरिका जस्तो सभ्य भनिने र सुखसमृद्ध देशमा वर्षेनी ४० देखि ५० हजार सम्म निरपराध मानिस-हरू बन्दुकका शिकार हुन्छन् भन्ने सुनिन्छ, यो धर्म प्रतिका अनास्थाको नै फल हो ।

धर्मको प्रचार र संरक्षण गर्ने काम सबै मुलुकमा धार्मिक संस्थाहरूले गर्ने गरेका हुन्छन् । त्यस्ता धार्मिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्था – मठ – मन्दिर आदि – चलाउनलाई स्थायी आम्दानीका आधार चाहिने हुनाले प्रायः सबै धार्मिक संस्थाहरूले आम्दानीका स्रोत भूमिलाई नै मानेर आएको पाइन्छ ।

युरोप, अफ्रिका आदिमा इशाई चर्चहरूका अधीनमा बडेबडे भू-भागहरू छन् भन्ने सुनिन्छ इटालीमा त भेटिकन भन्ने इशाई पोप (धर्माधिकारी) हरूको राज्य नै छ । यसलाई राष्ट्र सङ्घबाट पनि मान्यता प्राप्तछ यो सबका अपरिमित आयबाट इशाईहरूले सेवाको आधार बनाई स्कूल अस्पतालहरू खोलेर तिनका माध्यमबाट संसार भरी इशाई संप्रदाय फैलाउँदै छन् । टर्की आदि मुस्लिम जगत्मा पनि खलीफा (मुस्लिम धर्माधिकारी) हरूका अधीनमा धेरै धेरै भूभाग छन् भन्ने सुनिएको छ । आगाखानी मुसल्मानहरूको त भारतका बम्बै प्रदेशका धेरै भूमिमा अधिकार छ । अमृत सर् आदिका स्वर्ण मन्दिर आदि गुरुद्वाराहरूका पनि आम्दानीका स्रोत जमिननै छन् ।

भारत स्थित हाम्रा शंकराचार्यहरूका मुख्य र अनेकौं उपपीठहरूका पनि हज्जारौं बिघा जमिनमा अधिकार छ । जगन्नाथपुरी जहाँ प्रतिदिन जाने हजार बाह्र शय यात्रीले तीन छाक सम्म पेटभरी महाप्रसाद मुफ्तमा खान पाउँछन्, त्यहाँको त्यत्रो खर्च जमिनकै आयस्ताबाट चल्छ । संसारमा सब भन्दा बढी यात्रु जानेर धेरै भेटो चढ्ने तिरुपति बालाजी मन्दिरका अधीनमा त बेंकटाचलम् भन्ने पूरा पहाड, तिरुपति इलाका र तिरुपति शहर नै छन् ।

राजस्थानका नाथद्वारा, र अनेक नाङ्गाअखडाहरूको खर्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिक आयबाट चल्छ। नजिकका गोरखपुर शहरका गोरखनाथ मठका अधीनमा उक्त शहरको पूर्वी आधा भाग छ। गोरखपुर विश्वविद्यालय रहेको सारा भूभाग उक्त मठबाट प्रदत्त हो। यस्तै भारतमा शयकडौं मठ मन्दिरहरू छन् जो विशेष गरेर भूमिमै अधित छन् भन्ने कुरा सर्व विदित छ।

तो जमिन ७/८ शय वर्ष अघि देखि हिन्दू राजा र श्रद्धालु भक्तहरुबाट प्रदान गरिंदै आएका हुन्।

दान दिने हिन्दू राजाहरु गए। तिनका ठाउँमा तुर्क, अफगान, फारसी आदि भनिने मुस्लिमहरुले समय समयमा शासन गरे। तीमध्ये केहीले मन्दिर मूर्तिहरू, तोडे, चल सम्पत्ति लुटे। तर मठ मन्दिरका स्थायी सम्पत्ति जमिनको अपहरण गरेनन्। मुस्लिमहरू पछि भारतका ठूला भूभागमा मराठाहरुले शासन गरे। हिन्दू मराठाहरूले हिन्दू मठ मन्दिरको सम्पत्ति हरण गर्ने त कुरै भएन। उनले मुस्लिमहरुले तोड फोड गरेका मठ मन्दिर को मरम्मत गरे। नयाँ नयाँ मठ मन्दिरहरुको निर्माण गरे। तिनको सम्पत्तिको अभिवृद्धि गराए। तो पछि भारतका विभिन्न भूखण्डमा पुर्तगीज, फ्रेन्च आदिले अधिकार गरे। तिनलाई हटाएर प्रायः पुरै भारत इष्ट इण्डिया कम्पनीका अधीनमा भयो। इष्टइण्डिया कम्पनीबाट प्रशासनिक अधिकार आफ्ना हातमा लिएर ९० वर्ष सम्म ब्रिटिश सरकार (अंग्रेजहरू) ले शासन चलाए। त्यहाँ त्यत्रो प्रशासनिक उथल पुथल हुंदा बनेका विधर्मी शासकहरूले पनि भारतका हिन्दू मठ मन्दिरका सम्पत्तिमा हात लगाएनन्।

सन् १९४७ मा भारत स्वतन्त्र भएपछि कांग्रेस जनता पार्टी आदि र केरल, बङ्गालमा धर्म मान्दैनों

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने कम्युनिष्टहरूले शासन गरेर गर्दैछन् । कसैले पनि त्यहाँ परम्परा देखि चल्दै आएका मठ मन्दिरहरूका अधिकार नियमहरूमा हस्तक्षेप गरेको पाँइदैन । उदाहरणका लागि पश्चिम बङ्गालको कम्युनिष्ट सरकारले साल साल करोडौंको खर्च लगाई माघे संक्रान्तिका दिनमा सुप्रसिद्ध गङ्गासागर मेलाको प्रबन्ध गर्छ । प्रचलित परम्परा अनुसार मेलाबाट भएको आम्दानी उत्तर प्रदेश अयोध्या का हनुमान् गढी भन्ने अखडाले लिन्छ । त्यसै गरी भारत गोण्डा जिल्ला स्थित देवीपाटन मन्दिरको चैते दशैं मेलाको आम्दानी बाङ्गको रत्ननाथ मठले लिन्छ । यसरी भारतका कुनै पनि सरकारले मठ मन्दिरका अधिकार र परम्परागत नियमहरूमा हस्तक्षेप गरेको देखिन्न ।

मठ मन्दिरका भूसम्पत्तिलाई सस्तो भन्दा सस्तो भाउमा पनि बेचेर सो रुपैयां बैंक या व्यापारमा लगाना गर्दा जमिनबाट हुने गरेको भन्दा बढी आम्दानी गर्न सकिन्छ भन्ने कुरा सबै मुलुकका सरकारहरुले र मठ मन्दिरका व्यवस्थापकहरुले नजानेको कुरा होइन । तर सबैले राम्रोसित यो पनि बुझेको कुरा होकि जमिन अनन्तकाल सम्म रहने स्थायी सम्पत्तिहो । रुपियाँ पैसा अवमूल्यन भैरहने अस्थायी हुन् । त्यसैले कुनै देशका सरकार या मठ मन्दिरका व्यवथापकले पनि मठ मन्दिरका भूसम्पत्तिलाई कागजी मुद्रामा बेचने गल्ती गर्दैनन् ।

अरुका तुलनामा अल्प मात्रामे भएपनि नेपालमा पनि अधिका राजा धनिकहरुबाट मठ मन्दिरलाई प्रदान गरिएको जमिन थियो । जसलाई सम्बद्ध मठ मन्दिरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुठ भनिन्थ्यो । तो जग्गाको प्रबन्ध पहिले श्री ५ तर्फ र श्री ३ तर्फ भन्ने गुठी अड्डाले गर्थ । ०७ साल पछि सो गुठी अड्डाले गर्ने गरेको काम र अरु मुलुक भरी रहेका गुठीहरुको सुप्रबन्ध गर्नलाई भनी श्री ५ को सरकार बाट गुठी संस्थान खडा गरियो र त्यो संस्थानले उपर्युक्त गुठीहरुका साथ मुलुक भरीका अरु प्राचीन गुठीहरुलाई आफ्ना अधिकारमा ली संचालन गर्न थाल्यो । सञ्चालन सुप्रबन्धका नाममा कति अदूरदर्शितायुक्त, दु ख लाग्दो र लज्जाको कुरा छ । हिन्दू राज भनिने नेपालका सरकारले १ लाख देखि २५ लाख सम्म प्रति विघाका दरले बिकने गुठीको जमिन प्रति विघा रु २० हजारका दरले मात्र मोही हौं भन्नेबाट ली हजारौं विघा जमिन लुटाई दियो र लुटाउँदैछ । पहिलो अनर्थ त बेचनै नहुने जमिन बेचेर गरियो । दोस्रो प्रचलित मूल्यको ४/५ प्रतिशत मूल्य पनि मोही भनि-नेबाट लिइएन । यसरी हिन्दू धर्मका आधार शिला अनेक मठ मन्दिरको अचल सम्पत्ति लुटाएर हिन्दू धर्मलाई नै खतम गर्न लाग्दा, अरु मुलुकमा भए सरकारले समाली नसकने विपलव हुने थिए । तर यत्रो अनर्थ हुदा पनि हामी धर्मप्राण, वीर जाति नेपालीले विरोधको एक आवाज उठाएनौं । हाम्रा धर्माधिकारी वडागुरुज्यू, योगी नरहरि नाथ ज्यू, रामानन्द गिरी, डा. प्रपन्नाचार्य आदि कसैले पनि 'यस्तो अनर्थ नगर' भन्नु भएन । यस्तो अन्याय, अनर्थपूर्ण अविचारित योजना कार्यान्वयन गरियो । विधर्मीहरुका इशारामा हिन्दू धर्म खतम गर्नलाई यो योजना कार्यान्वयन गरियो तर भनियो गुठीको सुप्रबन्ध र मोहीका हितका लागि । अर्कातिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मालामाल भए काठमाण्डुका धेरै जसो ठूला मानिस

मोफसलका मोही हौं भन्ने सित २० हजार त के २० रुपिया थियनन् । प्राप्त हुने जग्गा ४० हजार प्रति बिघाका दरले साहुलाई दिने कबुल गरी ऋण लिएर सो रकम गुठी संस्थानलाई बुझाई गुठीको जमिन आफ्ना नाउमा गराए। जमिन आफ्नो हुन बित्तिकै अरु २० हजार साहुबाट ली धेरै जसोले प्राप्त जमिन साहुलाई बुझाएर प्रति बिघा रु. ८० जति बुझाउने गुठीका रैती साहु का हलीबनी ती जग्गाने जोतन थाले। मठ मन्दिर लुटिए। लुटाएको जमिनका मालिक बने सांसद र मन्त्रीका आसे पासे ।

भारतका सोमनाथ प्रभृति मन्दिरको चल संपत्ति लुटने महम्द गजनी जस्ता विधर्मीलाई लुटेराको नाम दिइएको छ । आफ्नै देशका हिन्दू मठ मन्दिरको प्रायः सबै जसो अचल सम्पत्ति लुटाउने हिन्दू राज्य भनिने हाम्रा देशका सरकारको के नाम राख्ने होला ? हिन्दू धर्मका आधार मठ मन्दिरको अरबों मूल्यको संपत्ति लुटाउने सरकारले एक दुई विपक्षीका घरका भांडा कुडा लुटने माओवादी हौं भन्नेलाई दमन गर्दा लाज पनि मान्नु पर्ने हो। तर मानिस "एका लज्जां परि त्यज्य सर्वत्र बिजयीभवेत्" भन्ने उक्तिको अनुसरण गरियो।

विदेशी र विधर्मीका अगाडी कति लाजले मर्नु पर्ने कुरा छ । दाङ्गका रतननाथ मन्दिरको विदेश भारत गोण्डामा जनकपुर भन्ने गाउँको जमिन गुठ छ। अद्यापि त्यहाँको सात्विक बमोजिम आयस्ता उक्त मठले लिदैछ । नेपालका मठको यो गुठमा भारत सरकारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आज सम्म कुनै हस्तक्षेप भएको छन। तर गोरखनाथ का बरप्रसादले सङ्गठित भएको मानिने, आपना मुद्रामा गोरखनाथको नाम अङ्कित गराउने हाम्रो सरकारले गोरखनाथका मन्दिर समेतको भूसम्पत्ति लुटाउन खोच मानेन।

सरकारले लटाएको वर्ष दिन नपुग्दै मठमन्दिरका पूजा उत्सव आदि बन्द हुन थालि सके। उदाहरणका लागि दाङ्गको रतननाथ भनिने गोरखनाथ मन्दिरमा परम्परा देखि श्राजणी पूर्णिमाका दिन नाथजोलाई विशेष भोग लाउने र भोगको प्रसाद कालीरोटी दाङ्गका समस्त पुराना परिवारका घर घरमा, दाङ्गका सबै अड्डामा र सल्यान, प्यूठान आदिका अधि बडा हाकिम अव सि. डी. ओ. कहाँ पठाउने चलन थियो। तर यो सालका श्रावणी पूर्णिमामा अर्थाभावले सो विशेष भोगको परम्पराने बन्द गरियो। भोग नलगाए के प्रसाद पठाउने।

त्यसै गरी दाङका रत्ननाथ भनिने पात्रदेव गोरखनाथको सवारी चैते दशैको नवरात्रका लागि देवी पाटन भारतमा चलाइन्थ्यो। नवरात्रमा त्यहाँ नाथजोलाई राज गराएर मन्दिरको आम्दानी समेत ली बाङ फर्काइन्थ्यो। नेपालको सीमा सम्म भारतका भक्त, प्रशासनिक प्रतिनिधिहरू नाथजीलाई लिन र पु-याउन आउथे। यसबाट दुवै देशको सांस्कृतिक सम्बन्ध अटूट रही रहन्थ्यो। नाथजीलाई त्यहाँ सवारी गराउँदा निकै खर्च हुन्थ्यो भने आम्दानी, प्रतिष्ठा पनि हुन्थ्यो। अव भुनिन्छ उक्त मठका अधिकारीहरू धेरै खर्च लाग्छ केवाट खर्च टार्ने भनी नाथजीको यो साल देखि देवीपाटनमा सवारी नचलाउन भनी सोचदै हुनु हुन्छरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सो यात्रा नचलाउने हो भने भारत सितको सांस्कृतिक सम्बन्धत टूट्ने नै भयो, देवीपाटन मन्दिरमा जनकपुर का जमिनमा जो अधिकार थियो, त्यो पनि टुट्नेछ । यसै गरी सबै मठ मन्दिरका क्रिया कलापहरू ५/७ वर्षमै बन्द हुनेछन् ।

ती गुठका जग्गाको निग्रह स्वरुप केही करोड केही लाख र केही हजार कागजो मुद्रा गुठी संस्थानमा जम्मा गराइएको छ र ब्याजबाट मठ मन्दिरको खर्च चलाउने भनिन्छ । वि. सम्वत् १९७५ तिर चन्द्र सम-शेरले दाङ्गको केही गुठी जमिन सरकारी गराएर त्यो बेला ती गुठीबाट मठमन्दिरले पाउने गरेको जिन्सी धानको तत्कालमा चलेको धान मुरी १ को रु. १ का दरले नगद किटान गरी साल सालै मठ मन्दिरलाई सरकारले दिने व्यवस्था गरेका थिए । पछि मुद्राको क्रयशक्ति घटदै आयो । त्यो बेला मालिक २/३ रुपियां लिएर पूजा गर्ने पूजारी आदिले अब कमतीमा पनि मासिक दश बाह्र शय माग्न थाले । सरकारले तोकिएका अङ्क भन्दा बढ़ी एक पैसा पनि दिएन । अविचारित सो कार्यले मठ मन्दिरको पूजा लोप भयो, मठ मन्दिर भत्केर जमिनमा मिले ।

यसरी हाम्रा सानातिना धेरै मठ मन्दिर आदि को अवसान सरकारबाट गरियो र गरिदैछ भने अर्का तिर क्रिश्चियन मुस्लिमहरूलाई गिर्जा, बडे बडे मस्जिद बनाउने छुट प्रदान गरिएकोले जिल्ला जिल्लामा विशाल आकारमा तिखडा गरिदै छन् ।

५० वर्ष अघि २५ रुपिया दिनु पर्ने एकतोला सुनलाई अहिले १० हजार जति दिनु पर्ने भएको सबैलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विदितै छ । यो त युद्ध आदि कुनै संकट नपर्दा पनि भएको हाम्रा देशका कागजी मुद्राको क्रय शक्ति हो। युद्ध आदि संकट पर्दा कागजी मुद्राको के हाल हुन्छ, त्यो जान्नलाई द्वितीय विश्व युद्ध कालीन अखबार पढौं। तिनमा यस्तो छापिएको छ , (इधर जर्मनीकी दशा दिनों दिन बुरी होती चली गई । युद्ध के पहले एक जोड जुता चार मार्क (जर्मन मुद्रा) में मिलता था पर अब उसका दाम ४२ अरब मार्का हो गया है। (साप्ताहिक संसार बनारस पृ. ७ गुरुवार जेष्ठ कृष्ण ३, सम्वत् २००१, ११ मार्च १९४४) यसै गरी आजको करोड २०/२५ वर्ष पछि, आजका लाख बराबर, ५०/६० वर्ष पछि हजार बराबर र शय वर्ष पुग्दा सम्म आजका शय बराबर हुनेछ । मठ मन्दिरहरूका पूजा आरधना व्रत महोत्सव सबै द्रव्याभावले लुप्त हुने छन्। आपना आधार मठ मन्दिर आदिका अभावमा हिन्दू धर्म हिन्दुराज भनिने नेपालबाट सदाका लागि विलीन हुनेछ ।

तर मुद्रा अब मूल्यनको यस्तो दुष्प्रभाव पर्दा सम्म यो रकम सुरक्षित रहने छैन । जसरी नेता, सांसद र माथिल्लो तहका कर्मचारीले बेहजु र पेश्कीका नाउँमा २०/२२ अरबको रकम हडप गरेका छन्, जसरी अनिवार्य बचतको रकम कहाँ गयो थाँहं भएन । त्यसै गरी गुठी संस्थानमा निक्षिप्त यो रकम पनि नेता र कर्मचारीहरूका पेट भित्र पसने अवश्यम् भावी छ । जसरी बेहजु र पेश्कीका नाउँमा मुलुकको त्यत्रो रकम पचाउन आँटेकाबाट सरकारले असुल गर्न चाहेको या सकेको छैन, त्यसै गरी मठ मन्दिरको रकम पनि पचाउनेबाट असुल गरिने छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुठीको जमिन लुटाउने अभियान मोहिका हितमा चलाइएको पनि होइन । भए गरीब मोहीलाई उनले प्राप्त गर्ने जग्गा धितो राखेर ऋण दिने व्यवस्था गरिने थियो । त्यसो गरेको भए ऋण दिने संस्थाको रकम पनि डुब्ने थिएन र मोही तुरुन्तै सो जग्गा साहु सित बेचन बाध्य हुने थिएन् । यो त हिन्दू धर्मलाई जगै देखि मासेर इशाई मुस्लिमहरूलाई खुशी पार्दै उनका देशबाट ऋण अनुदानका नाममा मोटो मोटो रकमली आफ्नो पेट भरनलाई सरकारका माथिल्ला माथिल्ला पदमा बसेकाले चलाएको दुरभिसन्धि थियो ।

विधर्मी विशेष गरेर इशाईहरूलाई प्रसन्न पर्दाका निम्तिनै हाम्रा देशमा धर्म र संस्कृतिका आधार संस्कृता र नेपाली भाषालाई मार्सिदै छ । नयाँ शिक्षाका निहुंले संस्कृत पाठशालाहरूलाई अंग्रेजी स्कूलमा परिणत गरेर, सबै व्यवहारमा हेला गरेर संस्कृतलाई त मेटाई सकियो, लोक सेवा आयोग र त्रि. वि का पाठयक्रम-बाट हटाउदै गरेर नेपालीलाई पनि मार्सिदै छ । यत्ति मात्र होइन, इशाईहरूका निर्देशनमा हाम्रो सामाजिक संरचना खल्बल्याउनका लागि गर्भपात गराउन पाउने र छोरीलाई पनि छोरा सरह अंश दिनु पर्ने विधेयक पास गराउने तरखर भैराखेकोछ ।

यो त भए धर्मलाई खतम गर्ने र लुटने अभियान अब सम्पत्ति लुटने प्रक्रियाको थालनी कसरी हुदैछ सो पनि बुझौं । धेरै जमिनमा अधिकार गरेर त्यसको उपयोग गर्न नसकने, बाँझो राख्नेका जमिनको उचित क्षतिपूर्ति दी उपयोग गर्न सक्नेमा वितरण गरि दिनु उत्पादन वृद्धिका दृष्टिले उचित पनि मान्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर उद्योग धन्दा चलाउँछौं भन्ने निहुपारी शयकडौं विघा जमिनमा अधिकार कायम राखी त्यसमा अनागरिक बाट खेती गराई खानेका जमिनमा सरकारले कुनै प्रकारको हस्तक्षेप नगर्नें, बल्ल तल्ल हातमुख जुटाउन पुग्ने गरीब-को १-१।। विघा जमिनको पनि आधा भाग खोशी मोही हौं भन्नेलाई बाडी दिने त्यस उपर न्यायलयमा पनि पुनरावेदन गर्न नपाइने, यस्तै हुन्छ प्रजातन्त्र यो के घोर अन्याय होइन पुनरावेदनमा रोकता पंचायत शासनमा पनि थिएन। साम्यवादी भनिने सरकारबाट पनि जमिन वालाको जमिन, सम्पत्तिवालाको सम्पत्तिको सामाजीकरण गरियो भन्ने सुनिन्छ, त्यहाँ पनि एउटा-को सम्पत्ति अर्कालाई सित्तै बांडिएन।

भारतमा राजाहरूलाई क्षति पूर्ति भिलेको थियो

भारत स्वतन्त्र भए पछि रजौटाहरूका राज्य भारतमा मिलाउँदा प्री. वी. पर्स भन्ने मोटो रकम रजौटाहरुलाई दिएर पनि राजा राजकुमारहरूलाई राज्यपाल राजदूत जस्ता उच्च पद दिएर उनको मर्यादा राखी चित्त बुझाइएको थियो। काश्मीरका राजा हरिसिंहका छोरा कर्णसिंह, काश्मीरके राज्यपाल बनाइएका थिए, जो अहिले सम्म जीवित छन्। ठुला ठुला जमिन्दार-हरूका जिदारी पनि जोतनेबाट १० वर्षको आयस्ता जिदारलाई दिलाएर मात्र जोतनेलाई भूमिघर तुलाइए-को हो।

कमारा कमारीको पूरा मूल्य प्रदान गरिएको हो

राणाशासन-जसलाई गाली गरेर हामी कहिल्ये थाक्दैनौं चलेकाबेला कमारा कमारीलाई फार्कत (स्वतन्त्र) गरि दिने कुरा चल्यो। अर्कालाई कमारा तुल्याई शोषण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नै निघुंणी पापी मालिकहरुलाई केही दिनु पर्दैन भन्ने विरोध नउठाइएको होइन । तर कसैले जबरजस्ती कसैलाई कमारा पुल्याएको त थिएन । गम्भीर सामाजिक अपराध गरे बापत अदालतबाट भएको दण्डको रकम तिर्न नसकनेलाइ सरकारले नै कमारा कमारी पुल्याई बेचेको हो । सो, बोझहो भने सरकारको हो, तत्कालीन चलन अनुसार आफ्ना पसिनाको कमाई लगाईकिन्नेको होइन भनी प्रचलित पूरा मूल्य तिरी बिएर १९८१ सालमा सरकारले अमलेख गराएको हो ।

नेपालमा पनि जमिनको क्षति पूर्ति दिने परम्पराछ

०१८ सालमा राज्य रजौटा उन्मूलन गर्दा कुनै राजाका जीवनभरलाई मात्र र कुनै राजाका सन्तान दर सन्तान सम्मलाई भत्ता दिने व्यवस्था गरी उन्मूलन गरिएको हो । जग्गाको हदबन्दी गर्दा बढी जग्गाको क्षति पूर्ति दिने व्यवस्था गरिएको थियो । राणाहरुका ठुला ठुला दरबार उनैले निर्धारण गरेको मूल्य दो अधिग्रहण गरिए भन्ने सुनिएको हो । सल्यानी राजाका दाङ्गको साधारण दरबारको त्यो बेलाको पूरा मूल्य तीन लाख रु. सरकारले दिएको कुरा सबैलाई थाहैछ । सार्वजनिक काम सडक, अस्पताल आदिका लागि जग्गा घर अधिग्रहण गर्दा पूरा मूल्य दिनु पर्ने ऐनमै व्यवस्था छ । हामीले कालरात्री भन्ने पंचायती व्यवस्थाका मरीचमाबको प्रधान मन्त्रित्व कालमा जग्गा धनी र मोहीको भेद मेटाउनलाई मस्यौदा गरिएको ऐनमा जग्गाबालालाई जग्गाको पुरै मोल दिने व्यवस्था छ भन्ने सुनिन्थ्यो । रकमको प्रबन्ध मिले पछि क्रमशः जिल्ला हरुमा लागु गर्दै जाने भन्ने सोंचाई चली रहेका बेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुदलीय व्यवस्था आएको हो।

जग्गा सित्तै खोसेर चुनाउ जितने प्रयास गरिदैछ

उपर्युक्त सांस्कृतिक ऐतिहासिक परम्पराका विपरीत यो ०५३ सालको प्रतिनिधि सभाको वर्षाकालीन अधिवेशनमा सबै दलका सांसदहरू एक मत भएर जग्गावालाको वैद्य सम्पत्ति आधा जग्गा जोतनेलाई बेदामपा दिलाउने विधेयक पास गरेका छन् भन्ने सुनिएको छ। देश भित्रको एउटाको वैद्य सम्पत्ति अर्कालाई बांडी दिने विधेयक पास मात्रै गरेर कार्यान्वयन गर्दा दांतबाट कति पसिना काढन् पर्नेछ खयाले नगरी प्रत्येक पार्टीका कार्यकर्ताबाट किसान सित "हामीलेत सबै जग्गा दिलाउन आटेका थियौं, अरु पार्टीले मानेनन्। यस वाला आधा दिलायौं. आउने चुनाउमा हामीलाई जितायौ भने पूरै जग्गा दिलाउनेछौं भन्ने र जग्गावाल सित "हामीलेत मोही लागेका जग्गाको हदबन्दी तोकौं जग्गाको पूरै मूल्य दिउँ भनेका थियौं अरु पार्टीका सांसदले मानेनन् भनी दुई जिब्रे प्रचार गरिदैछ।

फेरि मोही लाग्ने छैनन भन्नु आँखामा छारो हाल्नु हो

जग्गावालका आँखामा छारो हाल्नलाई फेरि मोही नलगाइने कुरा उक्त ऐनमा लेखिएको छरे। पहिले मोही लगाउँदा मोहीलाई जोतने मात्र अधिकार प्रदान गरिएको थियो। त्यस पछि व्यवहार एवं कुनै ऐनले नमानेको द्वैध स्वामित्व मानिन लाग्यो। अनि २५,३० ४० प्रतिशत भन्दा भन्दै ५० प्रतिशत खोसिने भयो। यति गरी अर्को चुनाउ जितनलाई फेरि मोही लगाउने र नलागेका जग्गा पनि वितरण गर्नु पर्छ भन्ने छन्। यस्ता बोलीको ठेगान नभएका दश जिब्रे सांसदको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कसरी पत्यार गर्ने ? यस्तैलाई लक्ष्य गरेरनै आदि कवि भानुभक्तले "विश्वास नमान्नु रघुनाथ् यि त बुष्ट पो हुन् । गर्नन् यि औसर परे जिउमा पनी खुन्" भनेका रहेछन् । हस्ताक्षरले हुसेहिगरेर प्रत्यक्ष देखिने कुरालाई मैले हस्ताक्षरले सही गरेकै छैन भन्न सकने, आफै सम्मिलित भएको सरकारका विरुद्ध अर्को सरकारमा गए बढी लूटन पाइन्छ कि भनेर अविश्वास प्रकट गर्ने, हारे पछि फेरी त्यसैमा सम्मिलित हुन जाने नैतिकता र निर्लज्जताले बेश्यालाई पनि जितेका यी सांसदका बोलीमा के विश्वास ? यिनैले भोली "हामी ले फेरि मोही लाग्ने छैन कहाँ भनेका थियौं र ? ऐन छापनेले गलत छापिदिएछ" भन्न लाज मान्ने छैनन् ।

प्रजातन्त्रमा अल्प मतको पनि कदर र संरक्षण हुन्छ

प्रजातन्त्रमा बहुमतले शासन गर्छ, अर्थात् शासन गर्ने अधिकार तथा जिम्मेवारी बहुमतवालाको हुन्छ । तर त्यहाँ अल्पमतको पनि कदर हुन्छ, उनका हक हितको पनि समान रुपले संरक्षण गरिन्छ । बहुमतवालाले अल्प मतकाहक हितको हननु गर्न पाउँदैनन् । उदाहरण का लागि कांग्रेस र कम्युनिष्ट मिलेर रा. प्र. पा. या अरु कुनै जन समुदायका विरुद्ध कुनै प्रकारका विधेयक पारित गर्ने र कार्यान्वय गर्न हुँदैन । तदनुसार नेपालमा ज. ध हरू अल्पमत मै भए पनि तिनका हक हितको हनन हुने गरी अहिले पास भएको भूमि सम्बन्धि चौथो संशोधन विधेयक जस्ता विधेयक पारित गर्न पाइन्न । गरिन्छ भने त्यस्ता ऐन कार्यान्वयन गर्न दिनु हुँदैन ।

मौलिकहक हनन गर्ने अधिकार कहिल्यै कसैलाई दिनुहुन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजातन्त्र मानव अधिकारको मुख्य लक्ष्य मौलिकहरूको संरक्षण गर्नु हो । मौलिकहकमा आघात पर्ने गरी सम्विधानको मर्यादाको उल्लंघन गर्ने र त्यसो हुने गरी सम्विधान फेर्ने कहिल्यै कसैलाई दिनु हुन्न । "बूढि मलिन् भनेर भन्दा काल पल्केला भनी बढी डराउनु पर्छ,' भन्ने गाऊले उखान याद राख्नु पर्छ । एकबाजी मौलिकहक हनन गर्ने सांसदले पाए भने सदैलाई हनन गर्ने सांसदको मोहियानी हक हुनेछ । यिनले कसैको कुनै कुरामा हक सुरक्षित रहन दिने छैनन् । प्रत्येक चुनाउ जितनका निम्ति भाडा दिएर बसनेलाई घरका मालिक, ह्वाइभर पाइलटलाई मोटर विमानका मालिक, होटल, खानी, मिल कारखामा, बैंक, संस्थान आदिका कामदार लाई तिनका मालिक तुल्याउने छन् । यस प्रकार सबै नागरिकको सम्पत्ति माथिको हक हरण गर्ने बाटो खुल्ने छ । नीतिमा 'सूचि प्रवेशे मुसल प्रवेश' सुयो पसेको प्वालबाट मुसल पनि पस्छ भनिएको छ । नदीका बाँधमा सानो चिरा प-यो भने सबै बाँध फुट्छ ।

सम्पत्तिको सुरक्षा नभए देशको टाट पल्टिन्छ

जुन देशमा व्यक्तिगत सम्पत्तिको सुरक्षा छैन त्यहाँ सम्पत्ति आर्जन गर्ने प्रयास कसैले गर्दैन । त्यहाँ उद्योग धन्दा कल कारखाना कसैले खोल्दैन । विदेशमा कमाए-को धन त्यहाँ ल्याउने कुरा त परै रहन्छ । त्यहाँको पूंजी अनेक उपायले विदेशमा पु-याइन्छ । देश कङ्गाल हुंदै जान्छ र आखीरमा टाट पल्टिन्छ । नेता हौं भन्ने लुटेरा जति भागी विदेशमा पुगेर मोज गर्छन ।

यो सार्वजनिक हितको कुरा होइन

सम्विधानमा सार्वजनिक हितका निम्ति वैयक्तिक संपत्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरकारले लिन सकने प्रावधान छ भने पनि सिलैमा लिन सकने लेखिएको छैन । बुझनु पर्ने कुरा केछ भने सार्वजनिक भनेर त्यो कुरा भनिन्छ जसको उपयोग देशका सबै नागरिकले र जसको सम्पत्ति लिइन्छ त्यसले पनि समान रुपले गर्न पाउँछन् । जग्गावालको हक खोसेर मोहीको एकलौटी हक गराई बिनुलाई सार्वजनिक हित मानिन्न ।

यदि यस्तो एकाधिकार हुने कामको पनि सार्वजनिक भन्ने व्यारथा गरिन्छ भने सार्वजनिक हक हितका लागि जग्गा घर अधिग्रहण गर्न सकिने ऐन ता पहिले बेखि नै छैंदैछ । फेरि यो अर्को ऐन किन चाहियो ? एउटै काम कुराका निम्ति दुई थरी ऐन चाहिन्छ र ? यो त सत्तामा पुगेकाले आफ्नो स्वार्थको सुरक्षाका लागि र सत्ताका लोभ्सुहरूले सत्ता प्राप्त गर्न सकिन्छ कि भनेर रचना गरेको दुरभिसन्धि हो । सार्वनिक हितका निम्तिको काम होइन ।

कामदारलाई हटाउन नपाइने नियमले तिनलाई स्वामी बनाउन्न

२०२१ सालका भूमि सम्बन्धि ऐनले एक बाली जोते पछि बाली बुझाउँदा सम्म अगाडि पनि सो जग्गा जोतन पाउने मोहीको हक सुरक्षित गरेको छ। मोहीका जोतनेहक टुटाउँदा मात्र २५% जग्गा मोहीलाई जग्गा-वालाले हर्जाना स्वरुप दिने चलन छ ।

त्यस्ता नियम त सर्वत्र हुन्छन् । कर्तव्य पालन गर्दा सम्म सरकारी अड्डा, संस्थान, मिल कारखाना आदि बाट पनि कामदारलाई हटाउन पाइन्न । उचित कारण बिना स्थायी कर्मचारीलाई हटाएमा त सरकारले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मचारीको तलब, ब्याज सहित दिएर फेरि सोही पदमा राख्नु पर्छ । त्यत्तिकैले कामदार कर्मचारी आदि को सरकार, संस्थान, मिल आदिमा स्वामित्व मानिन्छ र ? आफ्नो मोहीयानी हक भएको जग्गा, मोहीले शतांशको एक भाग पनि बेचन, कसैलाई दान वकस दिन, तोकिएको बाहेक अरु थोक खेतो गर्न, जग्गा बाँझो राख्न, मोहीयानी हकको जग्गा मा रुख लाउन घर तलाउ आदि बनाउ पाउन्न । न, जोत्न छाडेपछि एक प्रतिशत जग्गामा पनि मोहीको स्वत्व कायम रहन्छ । मोही नलागे या लागेका जग्गाका ज.ध. पूर्जामा समान रुपले जग्गावालाको हक एकलौटी लेखिएको हुन्छ । व्यवहार ऐन कतैबाट पनि जग्गामा मोहीको स्वामित्व नभएको स्पष्ट छंदा छंदै नभएका मोहीका स्वामित्वको कल्पना गरी द्वैध स्वामित्व भन्दै ज. ध. को लाखौं मूल्यको आधा जमिन सित्तै मोहीलाई दिलाउन खोजनु सम्विधानका विपरीत र जग्गा धनी प्रति अन्याय हो । यै देशका ऐनमा ५ बिघा जग्गा र ४ भाई छोरा हुने बुढाका एक भाई छोराले आफुले पाउने अंश हक एक बिघामा दावी ग-यो भने बाबुको जिउछज्याल बाबुलेलिनदिए सम्म पउँदैन भन्ने व्यवस्था छ । तर त्यै छोराले मैले आज सम्म जोती मोहीयानी भएको भनी दावी गरेमा २।। बिघा जग्गा सजिलै सित पाउने भयो । दशौं वर्ष सम्म खेत जोतेको छोराले ५ बिघा नपाउने एक बाली जोतने पराईले २।। बिघा पाउने यो के न्याय संम्मत भयो ?

जग्गावालाको त्यागको कुनै मूल्य छैन ।

देशहितका लागि जग्गावालाले त्याग गर्नु प-यो भन्ने हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने ज. ध. का त्यागको के मूल्य छ । पश्चिमका तराईमा हरिहर, सोम प्रसाद, हरिवंश, खड्ग बहादुर आदिको हदबन्दी भन्दा बढी भएको हजारौं विघा जमिन लिएर बस्ती बसाइयो, तर तिनीहरू प्रति कहिल्यै प्रशंसा र कृतज्ञताको एक शब्द भुलेर पनि प्रकट गरिएन । केही लाख दान गरेर या केही जमिन दिएर स्कूल अस्पतालका भवन बनाइए भने दाताका नामबाट तिनको नाम करण गरिन्छ । जसका हजारौं विघा जमिन लिएर बस्ती बसाइए तो बस्तीका नाम सम्म हरिहर आदिका नामबाट राखिएन । तिनलाई दिने भनी ऐनमा व्यवस्था गरिएको मुआवजा सम्म प्रदान गरिएन । यस्तो स्थितिमा जग्गावालाले किन त्याग गर्ने ?

भ्रष्टाचार गरेर राष्ट्रलाई ऋणमा डुबाइँदै छ

सत्तामा पुगेकाले १४,१५ मन्त्रीबाट काम चलनेमा केवल आपनो सत्ता बचाउनका लागि ४७ / ४८ जना मन्त्रीको बगाल, तिनका पि. ए. निजी सचिव, मोटर, आवास, मन्त्रालय, सचिव, डाइरेक्टर आदि कर्मचारी थपेर राष्ट्रको अपरिमित धन अनावश्यक बहाई राखेका छन् । आपना मानिसले कमाउन् भनी विदेशमा प्रतिनिधि पठाउँदा जन्ति पठाइन्छन् । सांसदबाट कस्तो ब्रह्म लूट गरिदो रहेछ सो कुरा ०५३/८/२१ का बिमर्शले छर्लङ्ग पारिदिएको छ । लाखौंको मन्सार रकम छुट दिएर सांसदहरूलाई मोटरको व्यापार गर्न दिएको सबैले थाहा पाएकै छौं । बेहज्जु र पेश्कीका नाममा माथिल्ला तहका कर्मचारी र नेताहरूले हडप गरेको २०/२२ अरबको रकम असूल गरिन्न । दुई बाजीका अविश्वासको प्रस्तावका बेला दुवै पक्षबाट ५० लाख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखि एक करोड सम्मको ताना तान एक साँसबका निम्ति चल्यो भन्ने सर्वत्र सुनिन्छ । ३० वर्षको पंचायत शासन कालमा कुलेखानी जस्ता विद्युत् आयोजना, भूमिसुधार, औंलोउन्मूलन, अनेक राजमार्ग, अस्पताल, कालेज विश्व विद्यालय आदि ठुला ठुला योजना कार्यान्वयन गर्दा मुलुकमा वैदेशिक ऋण भार २८ अरब मात्र पुगेको थियो । प्रजातन्त्र आए पछि सबै पार्टीका एकलौटी या संयुक्त सरकारहरुले शासन गर्दा वैदेशिक ऋण भार एक खरब ३० अरब पुगेको छ भनी ०५३ कार्तिक २६ गतेको समसामयिकले लेखेको छ । प्रजातन्त्रको उद्देश्य के यस्तै ब्रह्मलुट मचाएर देशलाई बेचनु हो ? लूटको भाग कसै लाई थोरै कसैलाई धेरै परेको हुन सक्छ । तर न लूटने कोही भएनन् । अरुकुरामा विरोध गर्छन्, लूटमा हुन्छन् सबै एकमत । एक पार्टीको अर्का पार्टी सित र एउटै पार्टी भित्र जो निरन्तर कलह चल्छ, त्यो केवल थोरै र धेरै भाग बण्डाको झगडाहो देखाइने र भनिने कुरा बहाना मात्र हुन् ।

धन मात्र होइन सर्वस्व लुटियो र लुटाइदैछ

धन मात्र लुटिएको भए त्यति दुखको कुरा थियन । धनता फेरि जम्मा गर्न सकिन्छ । या नेपाल आमाले कुनै सपूत जन्माइन् भने आजका लुटाहाका भुंडी फोरेर सो निकाल्लान् । असह्य र अति दुखको कुरा त के भयो र अझ हुँदैछ भने जसरी बाग्मतीको जल पोउँने र छुन नहुने भएको छ त्यसै गरी नेता हौं भन्नेका प्रभावमा परेर तिनको अनुकरणले सबै जसो नेपाली चरित्र भ्रष्ट, कर्तव्यहीन र गह्राउने भए । न कसैमा कर्तव्य पालनको भावना रह्यो न समाज या सरकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डर, न लोक लज्जा । सबको एक मात्र उद्देश्य "राम नाम की लूट है लूटसके जो लूट" भै सक्यो । मुस्लिम शासनको पतनावस्थामा "बालोपि चौरः स्थविरोपि चौरः समागतप्राघुणिकोपि चौर । । दिल्ली प्रदेशे मथुरा प्रदेशे चौरं विना न प्रसुवन्ति नार्यः । दिल्ली र मथुरा प्रदेशका बालक, जवान, बुढा मात्र होइन बाहिरबाट आउने पाहुना पनि चोर, ठग भै सके । त्यहाँका स्त्रीहरूले चोर बाहेक अरु सन्तानै पैदा नगर्ने भए" भनिन्थ्यो । त्यस्तै अवस्था नेपालमा अहिले भै सक्यो । इमानदार, कर्तव्यनिष्ठ, देशभक्त मानिस नेपालमा नपाइने भए । "वृत्तं यत्नेन रक्षेत, वृत्ततस्तु हतो हतः । अविनीतप्रजं राज्यं न चिराद् हि विशीर्यते If charcter is lost all things are lost । चरित्रको रक्षा गर, चरित्र नाशिए सबै नाशिन्छ । चरित्रहीन नागरिक भएको राष्ट्र चांडै नै नाशिन्छ । चरित्र गुमे सबै शोक गुमछन्" भन्ने विद्वानहरूका उक्ति बेकार हुन लागे । नेताहरूका गर्दा समाज राष्ट्र नाशिदैछ । पराईहरूका अगाडि राष्ट्र उपहासको पात्र भै सक्यो ।

जग्गा बांडनु भन्दा पहिले धेरै हुनेको सम्पत्ति बांडौं

जग्गा वालले सरकारले गरेको निर्णय मान्नै पर्छ भन्ने हो भने गुठीका जग्गाबाट आएकों रकम फिर्ता गरी गुठ जग्गामा मठ मन्दिरको अधिकार यथावत् राखौं । त्यस पछि शयकडौं विघा जमिन राखनेबाट २८ विघा भन्दा बढी जमिन लिएर वितरण गरौं । पेश्की र बेरुजु का नाममा अरबौंको रकम हडप गर्ने लागेकाबाट सो रकम असूल गरौं । मन्त्रीहरूको बगाल घटाएर १४/१५ संख्यामा सीमित राखौं । विदेशमा पठाइने प्रतिनिधि मानने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जग्गिको संख्या घटाउन लागौं । सांसदहरूले भन्सार न तिरी मोटरको व्यापार गर्न ०५३/८/२१ मा शिमर्श नामक पत्रिकाले देखाएको राष्ट्रका धनको ब्रह्मलूट गर्न बन्द गरौं । सांसदहरूको पेन्सन खारेज गरौं, अनि रातारात करोडपति हुनेको अवैध सम्पत्तिको राष्ट्रिय करण गरौं । त्यस पछि सबैको वैयक्तिक सम्पत्तिको हदबन्दी गर्ने निर्णय गरौं । सो निर्णय अनुसार बढी भएको भूमि सम्पत्ति बांडने शुभारम्भ जग्गावाल गछौं । होइन भने एक तर्फ असोभित अवैध सम्पत्ति थुपार्ने छुट अर्को तिर सोभित वैधसम्पत्ति जग्गिको लूट। यस्तो असमानता कसैलाई मान्य हुंदैन ।

जग्गावाल सामन्त शोषक होइनन् सामन्त शोषक ता

भ्रष्टाचारी तस्कर सांसद हुन्

हिटलरको प्रचार मन्त्री डा. गोवेल्सले जतिसुकै असत्य कुरा हओस् पचासौं बाजो सांचौं हो भनी दोहऱ्याए पछि सांचो पार्न सकिन्छ "भन्थे । त्यसै गरी भ्रष्टाचारीहरूले आफनो अपराधमा सर्व साधारणको आँखा न लागोस् भनी जग्गावाललाई शयकडौं बाजो सामन्त शोषक भनेर न बुझनेलाई भ्रममा पारेका छन् । सबै ऐन नियमहरू पु-याई सकौंरले यसको यति जग्गा भनी सालसालै लगत खडा गरी मालपोत असुल गर्ने गरेको ज ध को जमिन वैध सम्पत्ति हो । रातारात करोड पति मै बनाइएका आलीशान भवन बैंक बैलेन्स आदि अवैध हुन् । एकाध अपवादलाई छाडेर जिल्लामा १० विघा जमिन हुने पनि अल्प संख्याभछन् । तिनको १० विघा सम्पत्तिको सरदर मूल्य २५ लाख हुन्छ। त्यस्तो जाबो २५ लाख ता सांसदले एकै बाजी एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोटर झिकाएर (फ्रीदैन) कमाउछन् । काठमाण्डुको एक रोपनी जग्गाको मूल्य हुन्छ । तस्करी अवैध व्यापार गरेर अरबोंका मालिक बनेका शयकडौं छन् । त्यसै गरी एक विघा जमिन किन्दा सरदर मूल्य २।। लाख दिनु पर्छ रजिष्टरी खर्च जोडदा दुई लाख पचहत्तर हजार पुग्छ । शास्त्र र ऐनले बाधदिएका नियम अनुसार सो एक विघामा हुने सरदर उब्जनी ४० मुरी धानको आधा २० मुरी धान जग्गावालाले पाउँछ । सो २० मुरीको आजको मूल्य ७००० हुन्छ । जो लागत मूल धनको २।। प्रतिशत भयो । अर्का तिर कृषिया वाणिज्य बैंकका शेयर होल्डरले १८ देखि २० प्रतिशत र त्यस्तो ऋण लिएर व्यापार गर्नेले २५ प्रतिशत मुनाफा लिन्छ । अब सबैले विचार गरौं बिशेष गरेर वाम पन्थी हौं भन्ने बन्धुहरूले बिचार गर्नुस् । २५ लाखको वैध सम्पत्ति राखने पूंजीपति सामन्त हो कि अरबोंको अवैध शहरी सम्पति राखने पूंजीपति सामन्त हो । २।। प्रतिशत ब्याज या मुनाफा लिने शोषक हो कि २०/२५ प्रतिशत ब्याज लिने शेयर होल्डर या उद्योग पति सामन्त या शोषक हो । यस्तो बुझेर पनि कसैले जग्गावाललाई सामन्त शोषक भन्छ भने त्यस्ता अविवेकीलाई तिमीले देशद्रोही समाज र राष्ट्रका शत्रु भनेर उनका भन्दा उँचा स्वरले भन्नु पर्छ ।

वाङ्मका जग्गावाल उपर अतिरिक्त अन्याय भएको छ

वाङ्ममा त तो अन्याय बाहेक अरु अनर्थ भएका र हुँदै छन् । भूमिसुधार लागू भएपछि चनाखा शहरिया हरूले जमिनको भविष्य अब राम्रो छैन भन्ने बुझी तराईका आपना जमिन धमाधम बेचन थाले । हदबन्दी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दा बढी भएको जमिन वितरण हुंन लाग्यो साथै सुकम बासी हूं भनेर घर छाप्रा खडा गरे वरिपरीको जति जमिन कब्जा गर्न पनि पाइने छुट जस्तै भयो । त्यै वेलामा तराईबाट औलो पनि उन्मूलित भए पछि पहाडमा घर छाप्रा बनाउने जमिन सम्म न पाई खुम्चेर बसेका लाखौं परिवार तराईमा सरेर पांजिन लगे । यसरी पहाड़का विकट ठाउँबाट तराईमा झर्ने घुइंचो लागेको बेला दाङ्गमा पनि पहाडबाट हज्जारौं परिवार आए । दाङ्ग भन्दा बढी सुविधा र उब्जनी भएको नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) तर्फ पनि दाङ्गबाट हज्जारौं परिवार बसाई सरी गए । त्यसरी बसाई सरी जानेमा ०२२ सालमा भूमिसुधार लागु हुंदा लेखिएका अस्थायी मोहीहरू पनि रहे छन् । फलत: ०२८ सालमा सर्वे नापी हुंदा मोहीको संख्या कम हुन आएछ । ०३१/०३२ साल तिर राजाको दाङ सवारी भएका बेला समीक्षालयमा मोहीको सख्या कम देखेर मोही घटनाको कारण सोधिए पछि वास्त-विक कुरा बुझाउन न सकेर डराएका तत्कालीन भूमि प्रशासक विष्णु प्रसाद पत्री, मोहीको संख्या बढाउन तिर लागे छन् । उनले बसाई सरी नयाँ मुलुक तिर गएका अस्थायी मोहीका नाम, बचत बुझाएका रसिद जे भेटिए तिनका आधारमा मोही खडा गर्दा पुराना अस्थायी निस्सामा कित्ता नं, खुलेका थिएनन् तिनका आधारमा ज. ध. र मोहीका नाम, अन्दाजी विघा सम्म मिलाई केही स्थानीय कारिन्दा, केही किसानका नेता हौं भन्नेका सहयोगले जथाभावी कित्ता नम्बर राखी २ नं, अनुसू-चि प्रकाशित गरेको अड्डैमा औपचारिकता पु-याई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजारौं मोही खडा गरी ज. ध. ले थाहा पाए जुजुर गर्लान् भनी ज. ध पूर्जामा मोही नजनाई गोप्य राखी नएका रहेछन्, जो हाल थाहा लाग्दैछ । अर्का तिर, ऐन नियम, पंचायत, अड्डा अदालत सबै छंदा छंदै किसानका नेता हौं भन्नेले जग्गा धनीले मोहीलाई निकाले भनी राजा सित निवेदन गरेका हुंदा राजाका निर्देशनमा दाङ्गमा श्री ५ को सरकारले ३ महिनालाई मात्र भनि ०३५ साल वैशाखमा मोहियानी आयोग र त्यस पछि भूमि सम्बन्धि ऐनमा सन्सोधन गरी उक्त ऐनको दफा २५ को (क) दाङमा मात्र लगाई पठाइएको मोहियानी समितिले अहिले १८ वर्ष सम्म नयां मोही कायम गर्दै छन् । विडम्बना के छ भने विष्णु प्रसाद खत्रीले जग्गा धनी पूर्जामा नजनाई गोप्य राखेका किसामा नै आयोग र समितिले अर्का थरी मोही कायम गर्दै आएका छन् ।

एउटै जग्गामा अनेक मोही र थोरै जग्गा हुने ज. ध. का मोही, धेरै जग्गा हुने जग्गावाल बनाइएका छन्

नापी हुने बखतका खास मोही र पछि आयोग तथा समितिले कायम गरेका नयां मोहीहरू मालपोत का. मा र ज. ध. पूर्जामा दर्ता गरिएका छन् । विष्णु प्रसाद खत्रीले अख्तियारको दुरुपयोग गरी जथाभावी बनाएका मोही कुनै पनि ज. ध पूर्जामा दर्ता छैनन् । त्यस्ता जग्गा मोही नभएका भनेर किनबेच भए । पहाडबाट आएका गरीवहरू मिलेर ती किल्ला किनी बाँड़ी बसेका छन् । अहिले त्यस्ता किल्तामा मोही लेखिएका छन् भन्ने सुनी घरबास बनाई बसेका गरीवहरू स्तब्ध छन् । विष्णु प्रसाद खत्रीले एउटै किल्तामा २/३ जना मोही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७/८ विघा जग्गाको एउटै मोही, एक विघा हुने गरीव-का जग्गामा ७/८ विघाको जग्गा धनी मोही, एक विघा जग्गालाई तीन विघाको मोही जस्ता अनियमित ताहरू यति भएका छन् भन्ने सुनिन्छ कि ती सबै यो लेखमा लेखन सम्भव छैन । यस्ता अनियमितताका धेरै शिकार पहाडबाट आई दाङ्गमा जग्गा किन्ने गरीव भएका छन् । गरीवका नेता हौं भन्ने जति (By fair or fowl means) आफ्ना मोही कटाउन व्यस्त छन् । तो असहाय निम्ति बोली दिने कोही छैन ।

सबै मोही गरीब र सबै ज. ध. सम्पन्न छैनन्

गरीवका नेता हौं भन्नेले सबै ज ध. सम्पन्न र सबै मोही गरीव छन् भन्ने भ्रम पारेका छन् । वास्तविक ता त्यस्तो छैन । हज्जारौं त्यस्ता ज ध छन्, जसको सम्पूर्ण जमिन ८/१० कट्ठा मात्र छ । त्यस्ताका जग्गाको मोही ८/१० विघा सम्म जमिन हुने जग्गावाल छन् । अब सोचौं ज. ध भन्दा बढी जग्गा हुने मोही-लाई गरीवको आधा जमिन दिलाउँदा न्याय पर्ला कि अन्याय ?

ज ध. प्रतिगामी होइनन्, भ्रष्टाचारी र विधर्मीलाई सहयोग पु-याउने देश द्रोही हुन्

विधर्मीहरूबाट पैसा खाई हिन्दू धर्मको मात्र निन्दा गरेर त्यस प्रति जन आस्था घटाउँदै इशाईयत र इस्ला-मको प्रचारमा मद्दत पु-याउने आफनोबाहेकका १/२ विघाका ज. ध. लाई समेत सामन्त, शोषक भन्नेहरू "आजका युगमा पनि धर्म र जमिनको कुरा उठाउने" भनी ज. ध लाई प्रतिगामी भन्दै गाली गर्नेछन् । धर्म धनका रक्षाको कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उठाउने ज. ध. प्रतिगामी होइनन्, किन्तु शयकडौं बिघा जमिन राखने, अरबोंको अबैध सम्पत्ति थुपार्नेहरूको मौन समर्थन गर्ने र परधर्म प्रचारमा दद्दत पु-याउने हरू समाज र देशका द्रोही हुन् भनी नबुझकालाई बुझाउनु ।

आफ्नो जमिन कछैले बाँडेर देखाउँछ भने त्यसको अनुसरण ज. ध. ले पनि गर्नै छन्

"जमिनले हामीलाई पछि पा-यो, जमिन छाडनु पर्छ" भनेर आफुलाई प्रगतिशील देखाउनेहरू पनि कोही पाइन्छन् । त्यस्ता माइका लाल कोही भए पहिले आफ्नो आफ्ना साथीको जमिन बाँडेर "कविरा खडा हाट में लिए लुआठीहात । जो चाहे घर फूंक कर चले हमारे साथ" भन्दै मैदानमा आउ त्यस्ताको सबै ज. ध. ले अनुसरण गर्नै छन् ।

हितैषी हौं भन्नेले गरीबको आदत सुधानुं पर्छ जमिन दिलाएर मात्र हित हुंदैन

बर्बिया आदिमा जहां हदबन्दी भन्दा बढ़ी जमिन धेरै वितरण भयो त्यहाँ जमिन भू. सु. अधिकारीका मानिसले पाए पाउनु पर्ने मोहीले पाएनन् । त्यहाँ मोहीलाई जग्गा देउ भन्न कुनै किसानको हितैषी गएन । ठिना छुटा एक दुई मोहीले जो जमिन पाएका थिए ५ वर्ष पुरन बित्तिकै तिनको जमिन किसानका हितैषीले लिए । जग्गा प्राप्त गरेका मोही पनि हली बने । दाङ्ग नारायणपुर गाविस मा ८०० विघा जति जमिन मोहीलाई वितरण भयो १/१।। वर्षमै सो जमिनको दुइ तिहाई हिस्सा मोहीले साहु सित बेचे । त्यहाँ यसरी जमिन नफाल भन्न तिनलाई सही सल्लाह दिन कोही गएनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिलेका विधेयक अनुसार मोहीले आधा पाए भने पनि तुरुन्त किसानका हितैषीहरू सित रकसीमा बेचेर अहिले एक बाली बुझाउने मोही दुई बाली बुझाउने जोताहा बन्नेछन् ।

जोतनेको जमिनमा अधिकार गराउनलाई पूरा मूल्य दिनु पर्छ या दश वर्ष अरु पर्खनु पर्छ

जमिन जोतने सित मात्र रहोस् भन्नेहो भने नजोतने न. ध. हरूको जमिनको पूरा मूल्य दिएर बेचन नपाउने गरी जोताहालाई दिनु पर्छ या अरु दश वर्ष पर्खनु पर्छ । नजोतनेले जमिन बेचदै छन् उदाहरणका लागि लेखकका बाबु छोरा सित भू. सु. लागु भए पछि ५६ बिघा जमिन बेचेको थियो । बेचदै काम चलाउदै गरेर अहिले १५/१६ बिघा बेचेको छ । तीन भाइ नाति छन् । यो छूट्टीए भने ५/५ बिघाको आयस्ताले निर्वाह चल्दैन । अनि बेचेर अरु काममा लाग्छन् । यै हाल नै आफुले नजोतने सबै ज. ध. को हुंदैछ । सबै जमिन जोताहाना जाने छ ।

आधा दिने कानून बने पछि पनि नमानों विरोध गरों

प्रतिनिधि सभाले पास गरे पछि लालमोहर लाग्छ नै अनि कानून बन्छ । कानूनको सम्मान गर्नु तदनुसार चलनु नागरिकको प्रथम कर्तव्य हो । अनिवार्य धर्म हो । तर सबै जग्गावालहरूले बुझनु पर्ने कुरा छ हाम्रा शास्त्रहरूमा "सएव धर्मः सो धर्मो देशकाल विभेदत । अवानमनृतं हिंसा धर्मो व्यावस्थिकस्मृत" देश काल अनुसार एउटै कुरा कहिल्यै धर्म र कहिल्यै अधर्म हुन्छ । जस्तै मानिसलाई मार्नु अघि पछि अधर्म मानिन्छ भने लडाइमा जति सक्यो धेरै विरक्षीलाई मार्नु धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिन्छ । साधारण मानिसको सम्पत्ति खोसनु, लूटनु अधर्म मानिन्छ भने तस्कर, भ्रष्टाचारी, अवैध व्यापार गर्नेको सम्पत्ति खोसनु धर्म मानिन्छ । अघि पछि असत्य बोलनु पाप हुन्छ भने कसैको प्राण बचाउनलाई असत्य बोल्नु धर्म हुन्छ , त्यस्तै अघि पछि कानूनको अवहेलना गर्नु पाप हुन्छ भने आफ्नो वैध जीविकाका लागि कानूनको अवहेलना गर्नु विरोध गर्नु धर्म हुन्छ । "निषिद्धमप्याचरणीयमा पदि क्रिया सती नाश्रती यत्र सर्वथा" मूल सडक हिलाले भरिएर हिंडन नसक्ने भयो भने सज्जनहरूलाई पनि चोर बाटो (short cut) बाट हिंडनु पर्छ, त्यसै गरी जहां उचित काम गर्दा आपत्ति आइ लाग्छ त्यहां निषिद्ध काम पनि गर्नु पर्छ" भन्ने विद्वानहरूको अनुमति छ । त्यस कारण हाम्रो जमिन लुटाएर जीविकाको हरण गर्न लागेका बेला त्यस्ता कानूनको अवहेलना गर्नु, विरोध गर्नु हाम्रो परम कर्तव्य (धर्म) हुन्छ । सरकारले लागु गर्न लागेका कानूनको हामीले विरोध गरेर हामीले रोकन सकौंला ? भनी संकोच नमान । हिम्मत गर, यस्तो कानून लागु हुन दिन्नौं भन्ने दृढ निश्चय गर । दृढ निश्चय गरे पछि "उद्यम । साहसो धैर्य बुद्धि : शक्तिः पराक्रमः षडेते यत्र विद्यन्ते तत्र देवः सहायकृत्" 'god help those who help themselves' हिम्मते मर्दा मदत दे खुदा' ईश्वर भन्छन् तं आंट म पुग्याउंछु' यो उक्ति अनुसार इश्वरले मद्दत गर्नु छन् । दृढ निश्चय गरेर कस्सिए पछि एउटे बिष्णु गुप्त चाणक्यले चक्रवर्ती नन्दका साम्राज्यलाई ध्वस्त पारेका थिए । चपेरे लङडो रुडाल्फ हिटलरले विश्वलाइ थर्काएका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुब्ला, फुके ढल्लान् जस्ता मोहन दास कर्म चन्द गान्धी ले कहिल्यै सूर्य नअस्ताउने ब्रिटिश साम्राज्यलाई झुकाएका थिए । एउटैले त्यत्रो काम गरेका थिए भने हामी जग्गा धनी त लाखौं छौं । हामीले आंटे गर्न नसकने कुनै कुरा छैन । धर्सा धर्सा जोडिए पछि हात्ती बांधिन्छ, थोपा थोपा पानीले गाऊ शहर डुबाउँछ । ज. ध. सङ्गठित भयौं भने जसरी पंचायतको संविधान निरस्त भयो, जसरी राम राजा प्रसाद सित संबद्ध फैसला कार्यान्वयन हुन पाएन, अ त भनिनेको संपत्ति ब्याज सहित फिर्ता भयो, पांच वर्ष सम्म उठाउने निर्णय भएको अनिवार्य बचन अति विरोध भए पछि बिचमा नै रोकनु प-यो । त्यसै गरी यों मोहोलाई आधा जग्गा दिलाउने भनी पास गरेको विधेयकलाई सजिलै सित निरस्त पार्न सकिन्छ ।

यो विधेयक सबै पार्टीका सांसदले पास गरेका हुन् । हाम्रा निम्ति सबै जोगी कानै चिरेका भए । कसैले पनि ज ध को मर्का हेरेनन् । तसर्थ हामी कुनै पार्टीका सदस्य छौं भने तो पार्टी छाडी दिउँ । संसदमा कसैको बहुमत हुन नदिउँ । सुन्द-उप सुन्द झैं खल नायकहरू आपसमा लडेर छिन्न भिन्न भएको तमासा हेरौं । त्यस पछि ईश्वरले जो बाटो देख उलान त्यो बाटो लिएर अपना धर्म र धनको रक्षा गरी रहने गरौं ।

सर्व प्रथम आफु उपर हुन लागेका अन्यायका बारेमा सम्विधानको मर्यादा पालक श्री ५ महाराजाधिराजका जुनाफमा विन्ति पत्र चढाउने, न्यायालयका शरणमा जाने, जुलूस प्रदर्शन गर्ने, पत्र-पत्रिकामा आफ्नो पक्ष प्रस्तुत गर्ने कुराका साथै विशेष गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्येक ज, घ. ले होटल, चिया पसल, पार्क, चौतारा समा सोसाइटी, विहु, मेला, उत्सव आदि जहां २/४ मात्रै पनि मानिस एक त्रित हुन्छन् त्यहां सरकारमा पुग्ने धेरै जसो देश द्रोही राष्ट्र घाती देखिए, चुनाउ जितनलाई हाम्रो धर्म र हाम्रो वंध सम्पत्तिको हरण गर्दै छन् । यस पाला आधा दिलाउँदै छन् बाँकी आधा र मोही नलागेका जमिन पनि लूटाए पछि अरुको अरु थोक सम्पत्ति पनि लूटाउथे छन् । यो अन्यायीहरुको सबैले भर्त्सना गर्नु पर्छ भनी सम्झाउँ । त्यसो गर्न लाग्यौं भने हाम्रो पक्ष धर्मको छ, न्यायको छ । "यतो धर्म स्ततो जय" हाम्रो जित हुन्छ हुन्छ । ईश्वर प्रति अस्था राखेर हामीले हिम्मत ग-यौं भने हामीले आपना धर्म र जीदिकाको बचाउ गर्न सक्छौं, सक्छौं । दृढ निश्चयी रहुं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu